परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३५१ •२०७९ साल फागुन १७ बुधबार •(1 March - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## कमला पुलको पुनर्निर्माण गर्न उपप्रधानमन्त्री श्रेष्ठको निर्देशन



**टक नेपाल, सिरहा।**

उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले हुलाकी सडकअन्तर्गत धनुषा-सिरहा जोड्ने जीर्ण कमला पुलको पुनर्निर्माण तत्काल सुरु गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिएका छन् । यहाँस्थित कमला पुलको आज स्थलगत निरीक्षण गर्ने क्रममा उहाँले निर्माणको जिम्मा पाएको लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनलाई सो निर्देशन दिएका हुन्। "निर्माण व्यवसायी कम्पनीले ढिलो मा दुई हप्तामा काम सुरु गर्नुपर्छ । बोल्ने एउटा र गर्ने अर्को कुरा अब सह्य हुँदैन", उपप्रधानमन्त्री श्रेष्ठले अगाडि भने, "राज्यद्वारा जनतालाई हानि नोक्सानी पुऱ्याउने गरी विकास निर्माणको काम अलपत्र पर्छन् भने त्यो सह्य हुँदैन, छुट दिन सकिँदैन। यसका लागि सरकार निर्मम भएर अगाडि बढ्छ।" उपप्रधानमन्त्री श्रेष्ठ प्राविधिक टोलीसहित कमला पुल निरीक्षणका लागि आउनुभएको हो। यस क्रममा उनले १२ वर्षसम्म निर्माण कार्य सम्पन्न नभएको कमला पुललाई गुणस्तरीय ढङ्गले र निर्धारित समयमै सम्पन्न गर्ने गरी प्राविधिक टोली सहित कमला पुलको निरीक्षण गर्न आएको पनि जानकारी दिए । उच्च स्तरको सरकारी अनुगमन तथा निरीक्षण भए पनि स्थानीय जनता भने समयमै पुलको काम सकिन्छ भन्नेमा विश्वस्त छैनन्। "मन्त्रीज्यू निरीक्षणमा आएको राम्रो हो तर औपचारिकताका लागि मात्र नहोस्", सिरहा नगरपालिका-७ का कपिलदेव यादव भन्छन्, "पुल निर्माण सुरु भएको १२ वर्षसम्म कति मन्त्री आए, गए तर जनताको समस्या जहाँको त्यहीँ । अब त जनताको आश पनि मरिसक्यो।" सञ्चालन नहुँदै २० महिनाअघि भासिएको हुलाकी सडकको मेरुदण्ड र मधेस प्रदेशको लाइफलाइनका रुपमा रहेको यो पुल अझै निर्माण सम्पन्न हुन सकेको छैन। २०६८ सालमा शिलान्यास भई निर्माण थालिएको पुल २०७८ साल असार १७ मा कमला नदीमा आएको बाढीले पुलको सिराहातर्फको पहिलो पायर जमिनमा भासिएको थियो। त्यसको चार महिनापछि कात्तिक ३ मा पुलको धनुषातर्फबाट तेस्रो पायर पनि भासियो। त्यसले सिरहा र धनुषालाई छोटो दूरीमा जोड्ने सपना तत्कालका लागि तुहियो। पुल पुनर्निर्माणका लागि हुलाकी सडक सङ्घर्ष समिति बनाएर पटक पटक आन्दोलन र दबाबका कार्यक्रम पनि भइरहेका छन् । पुल भासिएको यतिका समयसम्म पनि कुनै निकायबाट वास्ता नहुँदा सिरहा, सप्तरी र धनुषाका नागरिकले सास्ती खेप्नुपरिरहेको स्थानीयको गुनासो छ ।

## राष्ट्रपति निर्वाचनको आचारसंहिता आजदेखि

**टक नेपाल, काठमाडौं।**



निर्वाचन आयोगले २५ फागुनमा हुने राष्ट्रपति निर्वाचन र ३ चैतमा हुने उपराष्ट्रपति निर्वाचनका लागि १७ फागुनदेखि आचारसंहिता लागू गर्ने भएको छ । संघीय संसदका ३३२ र प्रदेशसभाका ५५० जना गरी ८८२ मतदाता रहने निर्वाचनका लागि १७ फागुनदेखि ५ चैतसम्म आचारसंहिता लागू हुने आयोगले मंगलबार एक सूचना प्रकाशित गरी जानकारी दिएको छ। आचारसंहिता नेपाल सरकार, प्रधानमन्त्री र मन्त्री, प्रदेश सरकार, मुख्यमन्त्री र मन्त्री, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकायका कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाका कर्मचारीलाई लाग्नेछ । त्यस्तै राजनीतिक दल र तिनका भ्रातृ संगठन, उम्मेदवार र उम्मेदवारका प्रतिनिधि, मतदान र मतगणनास्थलमा खटिने उम्मेदवारका प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्ति, सञ्चार प्रतिष्ठान, तिनका कर्मचारी र पत्रकार तथा मतदातालाई पनि आचारसंहिता लागू हुनेछ । आयोगले निर्वाचन आचारसंहिताको पालना गरी निर्वाचनको स्वच्छता र विश्वसनीयता कायम गर्न सबैलाई आग्रह गरेको छ ।

## भूमिहीनले जग्गा पाउन समय लाग्ने

**टक नेपाल, महोत्तरी।**

जिल्लाका भूमिहीन सुकुम्बासीले जग्गा पाउन अझै केहि समय कुर्नुपर्ने देखिएको छ। भूमिहीनका लागि जग्गा उपलब्ध गराउन गठित राष्ट्रिय भूमि आयोग जिल्ला समिति महोत्तरीले जग्गा उपलब्ध गराउनेबारे काम भइरहे पनि सबै प्रक्रिया पूरा गर्न अझै समय लाग्ने बताएको हो। समितिका अध्यक्ष ज्ञानबहादुर गोलेले सुकुम्बासीको समस्यालाई हटाउन स्थानीयतहले द्रुत रूपमा काम गर्न जरुरी रहेको बताउनुभयो। जलेश्वरमा राष्ट्रिय भूमि आयोग जिल्ला समिति महोत्तरीले भूमिहीन दलित, भूमिहीन सकुम्बासी तथा अव्यवस्थित बसोबासको जग्गा वितरण सम्बन्धमा गरेको एक दिने कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो। कार्यक्रममा उहाँले भन्नुभयो, "सुकुम्बासी समस्या सधैं राजनीतिक एजेन्डा बन्दै आए पनि हामीले ध्यान दिने हो भने यो समस्यालाई हटाउन सकिन्छ।" उहाँले यसका लागि पालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षसहित वडाध्यक्षले इमानदारीपूर्वक द्रुत रूपमा कामकाज गर्न जरुरी छ । कार्यक्रममा आयोगका सदस्य सचिव तथा नापी कार्यालय महोत्तरीका प्रमुख राकेशकुमार झाले पनि स्थानीय तहको काम गराइको आधारमा भूमिहीनले जग्गा कहिले पाउने भन्ने निर्धारण हुने बताउनुभयो। "भूमिहीन सुकुम्बासी र दलित सुकुम्बासीलाई जग्गा पाउन १२ वटा चरण पार गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो। "हामी अहिले पहिलो चरणमा छौं, स्थानीय तहका पदाधिकारीले जति सक्दो कामकाज गर्नुहुन्छ त्यत्तिकै छिटो सुकुम्बासी समस्या हटाउन सहयोग पुग्छ" अध्यक्ष गोलेले विगत वर्षमा आयोगले जिल्लाको पाँच सय सुकुम्बासी, दलित भूमिहीन परिवारलाई जग्गा प्रदान गर्ने लक्ष्य लिए पनि स्थानीय तहका पदाधिकारीको उचित सहयोग र समन्वय नहुँदाँ ती लक्ष्य प्राप्तिमा कठिनाइ भएको जानकारी गराउनुभयो। नापी कार्यलयका प्रमुख झाका अनुसार जिल्लामा रहेको १५ वटा पालिका मध्ये ११ वटा पालिकामा पहिलो चरणको कार्यक्रम सम्पन्न भएको छ।

-बाँकी पृष्ठ २ मा



# मधानी उत्सवमा मौलापुरले सिध्यायो ६२ लाख रकम




**टक नेपाल , रौतहट ।**
रौतहटको मौलापुर नगरपालिकाले मधानी महोत्सव २०७९ को नाममा ६२ लाख रुपैयाँ खर्च गरेका छन् । पौतौरा महादेव मंदिरको प्रचार प्रसार गराउने उद्देश्यले २०७६ साल देखि मौलापुर नगरपालिकाले आयोजना गर्दै आएका महोत्सवमा यसपटक ६२ लाख रकम सिध्याएका छन् । नगरपालिकाले कहिले भारतीय कलाकार दिनेशलाल यादव निरहुआ,अक्षरा सिंह,खेसारी लाल यादव,आम्रपाली दुबे र कहिले पवन सिंह काजलाई राघवानीलाई नचाएर बढ़ी रकम खर्च गर्दै आएका छन् । आर्थिक अवस्था कमजोर हुदै गएको अवस्थामा नेपाल सरकारको अर्थ मन्त्रालयले स्थानीय तहलाई २० प्रतिशत खर्च कटौती गर्न निर्देशन दिएपनि मौलापुर नगरपालिकाले त्यसको विपरीत खर्च गरेका छन् । नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहले यस वर्ष सार्वजानिक गरेको खर्च विवरण अनुसार मधानी महोत्सवको लागि मंच तथा स्वागतद्वार निर्माण जगदीश साउण्ड तथा टेन्ट सेवा वीरगञ्ज ४ लाख, काश्मीरी टेन्ट हाउस घेराबरलाई १० लाख , देशी विदेशी कलाकारहरुको पारिश्रमिक ,यातायात , होटल बा'स खर्च २५ लाख रुपैयाँ गरेका छन् । २५ लाखमा भारतीय भोजपुरी कलाकार पवन सिंहको टोली , गायिका इन्दु सोनालीको टोली , अभिनेत्री काजल राघवानी ,गायिका एंजिला रेग्मी , निर्देशक अर्जुन बीसीको टोली र स्थानीय कलाकार हरुको खर्च देखाइएको उल्लेख गरिएको छ । मूर्ति निर्माणमा कालीगढ़को पारिश्रमिक, मूर्ति निर्माण , सामग्री , मूर्तिको पोशाक आभूषण ,टहरा निर्माण समेतमा ५ लाख ५० हजार रुपैयाँ खर्च गरिएको छ । अतिथिको लागि खाना तथा बास व्यवस्थापन सुनीलद्वारा पतौरामाँ संचालित मेश ,पार्क होटल मौलापुर , इच्छा होटल सिमरा , गौतम होटल चन्द्रनिगाहपुर कटहरियामाँ संचालित मेश तथा बासमा ३ लाख रकम खर्च गरिएको सार्वजानिक गरिएको खर्च विवरणमा उल्लेख छ । अन्तर्राष्ट्रिय पहलवान देवा थापालगायत नेपाल भारतका महिला तथा पुरुष पहलवानहरुको दंगल प्रतियोगितामा २ लाख रुपैयाँ, सम्मान पत्र , कदर पत्र , प्रशंसा पत्र , स्वयं सेवक टोपी, मायाको चिनो , आयोजक पास ,मंच पास, कार्ड होल्डर र डोरीसमेतमा ४ लाख रुपैयाँ खर्च भएको जनाइएको छ । नेपाल टीवी , कस्टमण्डप टीबी सहितको टेलिभिजनबाट प्रत्यक्ष प्रसारण, ड्रोन कैमरा, क्रेन कैमराको भाड़ा , सामाजिक सञ्जालबाट बुस्ट ,एफ एम् तथा माइकिंग बाट प्रचार प्रसार गरे बापत २ लाख ५० हजार , पूजा अनुष्ठान कलश यात्रा पूजा सामग्री, पंडितहरुको आवरण तथा दक्षिणा र कलश यात्रासमेतमा २ लाख रुपैयाँ खर्च गरिएको छ। भी आई पि को प्लेन टिकट , माला , गमछा , अबिर , मन्दिर परिसर ,सड़क पोल तथा रुख रंग रोगनको खर्च ३ लाख र मन्दिर सजावट , सरसफाइ, मधानी तथा शिव महिमा सम्बन्धी गीत एडीओ भिडिओ निर्माण , सुरक्षा व्यवस्थापनमा ५ लाख गरी ६२ लाख रुपैयाँ खर्च भएको निमित्त प्रमुख प्रसाशकीय अधिकृत साहद्वारा जारी गरिएको खर्च विवरणमा उल्लेख रहेको छ। फाल्गुन ५ गते देखि सुरू हुने मधानी महोत्सवमा राज्यको रकम दोहन हुने तथा भोजपुरी अश्लील गीत ,नृत्य प्रस्तुत हुने भएकोले रोक्का हुनुपर्ने माग गर्दै पूर्व प्रतिनिधि सभा सदस्य दिल कुमारी साहले सर्वोच्च अदालतमा गरेको रिट निवेदनमा आर्थिक पारदर्शिता कायम गर्नुपर्ने दिएको आदेशको डरले नगरपालिकाले मधानी महोत्सवको खर्च विवरण सार्वजानिक गरेको टिपण्णी स्थानीयले गरेका छन् । ५१ करोड़ भन्दा बढ़ी रकम बेरुजू रहेको मौलापुर नगरपालिकाले पहिलो ,दोस्रो र तेस्रो वर्ष २०७६,२०७७,र २०७८ मा भएको मधानी महोत्सवको खर्च विवरण अहिलेसम्म सार्वजानिक गरेका छैनन् । नेपाल सरकारले स्थानीय तहमा उप सचिवको दरवन्दी कायम गरिए पनि सो नगरपालिका निमित्तको भरमा अहिलेसम्म सञ्चालन हुँदै आएको छ ।


# संविधान र प्राप्त उपलब्धिको रक्षाका लागि सहमति अपरिहार्य : निधि



**टक नेपाल , जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले संविधान र प्राप्त उपलब्धिको रक्षाका लागि परिवर्तन पक्षधर दलहरूबीचको सहमति अपरिहार्य रहेको बताउनुभएको छ। जनकपुरधाममा आयोजित नेपाल प्रेस युनियन मधेस प्रदेश कार्यसमितिको पदस्थापन कार्यक्रममा पार्टी पूर्वउपसभापति निधिले पछिल्लो परिवर्तनको प्रमुख राजनीतिक शक्ति नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) केन्द्रबीच दूरी बढ्दा देशले पनि दुःख पाउने भएकाले पुस १० को 'कोर्स करेक्सन' गर्दै राष्ट्रपतिका लागि एक ठाउँमा उभिएको बताउनुभयो । "नेपाली कांग्रेस, माओवादी केन्द्रलगायतका दलहरू चुनावी गठबन्धन बनाएर आमनिर्वाचनमा गयौँ तर पुस १० पछि एक ठाउँमा रहेनौँ । त्यसको गल्ती हामी सबैले महसुस गरिसकेका छौँ", उहाँले भन्नुभयो, "नेपाली कांग्रेसले पुस २६ गते माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विश्वासको मत दिएर 'कोर्स करेक्सन' का लागि प्रारम्भ गऱ्यो र राष्ट्रपतिमा आठ दलको सहमति त्यसको परिणाम हो । यसबाट सबै लोकतन्त्रवादी शक्ति र जनता उत्साहित भएका छन् ।" उहाँले सम्पूर्ण दलको सहमतिमा राष्ट्रपति चयन गर्ने चाहनामा नेकपा (एमाले) बाधक भए पनि संसद्मा रहेका १० दल सहमतिका लागि एक ठाउँमा उभिने विश्वास व्यक्त गर्नुभयो । "आठ दल एक ठाउँमा उभिसकेका छौँ, आम जनता पार्टीले र ाष्ट्रपतिमा समर्थन जनाइसकेको छ । सरकारलाई समर्थन कायमै राखेकाले राष्ट्रिय स्वतन्त्र पार्टी पनि थपिने हाम्रो विश्वास छ", निधिले भन्नुभयो । उहाँले प्रधानमन्त्री दाहालले जुनसुकै दिन विश्वासको मत लिन चाहे पनि कुनै समस्या नरहेको बताउनुभयो । कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, युनियनका उपाध्यक्ष अनिल कर्ण, नेता रामजी दाहालगायतले आआफ्नो धारणा राख्नुभएको थियो । माघ २० गते बाराको कलैयामा भएको अधिवेशनबाट सत्यप्रकाश श्रेष्ठको अध्यक्षतामा मधेस प्रदेश कार्यसमिति निर्वाचित भएकोमा मङ्गलबार पदस्थापन गरिएको र मङ्गलबार नै प्रदेश कार्यसमितिको पूर्ण बैठक पनि राखिएको प्रदेश अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो ।

# भूमिहीनले जग्गा पाउन...................

उहाँले अब बाँकी काममा कसैलाई पनि काखापाखा नगरेर वडाध्यक्षले वडामा सहजीकरण समिति बनाएर काम थाल्न सुझाव दिनुभयो । सत्यतथ्य डाटा सङ्कलन सबभन्दा ठूलो चुनौतीको काम रहेको बताउनुहुँदै प्रमुख झाले भन्नुभयो, "वडामा वडाध्यक्षको संयोजकत्वमा वडा सदस्य, विभिन्न राजनैतिकदलका प्रतिनिधि तथा भूमिसम्बन्धी १० वर्षभन्दा बढी समय अध्ययन वा काम गरेका व्यक्ति सम्मिलित सहजीकरण समिति बनाएर काम थाल्दा सजिलो हुन्छ।" उहाँले जिल्लाको उत्तरवर्ती क्षेत्र बर्दिबास, गौशालालगायतका क्षेत्रमा अव्यवस्थित बसोबासको मुख्य समस्या भएको बताउनुहुँदै बर्दिबास नगरपालिकामा ४३ जना भूमिहीन पहिचान गरी काम अगाडि बढाइसकिएको जानकारी दिनुभयो । कार्यक्रममा जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले विगतमा विभिन्न आयोगले वितरण गरेको जग्गा पारदर्शी नहुदाँ अहिले पनि धेरै स्रेस्ताहरू जिल्ला प्रशासनमा थन्किएको बताउनुहुँदै आयोगले पारदर्शी रूपमा काम गर्नु पर्ने सुझाव दिनुभयो। ऐन र कार्यविधिमा गलत रूपमा सिफारिस गर्ने दण्ड सजायको भागी बन्नुपर्ने भएकोले भेदभाव नगरी पाउनु पर्नेलाई सिफारिस गर्न वडाध्यक्षलाई आग्रह गर्नुहुँदै नगरप्रमुख सोनारले भन्नुभयो, "पाउनेलाई कुनै पनि हालतमा नछाडी द्रुत रूपमा काम गर्नुस्, नगरपालिका, इन्जिनियरलगायतका अन्य प्राविधिक गर्न तयार छ।"



## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। | तुला | चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। शुभचिन्तक र प्रतिस्पर्धीलाई समेत समेटेर काम लिनुपर्ने समय छ। |
| बृष | रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। | वृश्चिक | राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। |
| मिथुन | आजको लाभांश सञ्चय नहुन सक्छ। | धनु | प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने मुद्दामा पनि विजय सम्भावना छ। |
| कर्कट | आम्दानीका स्रोत भेटिए पनि धेरै फाइदा उठाउन नसकिएला। | मकर | आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। |
| सिंह | सफलताले हिम्मत दिलाउनेछ। | कुम्भ | प्रयत्न गर्दा विगतका कमजोरीलाई सुधार गर्न सकिनेछ । |
| कन्या | सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ। | मीन | विभिन्न उपहार प्राप्त हुने समय छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# अर्थतन्त्र सुधारमा अग्रसरता

कोभिड-१९ ले थला पारेको विश्व अर्थतन्त्रमा रुस-युक्रेन युद्धले थप अप्ठ्यारो पर्दै गइरहेको छ । यसले विश्वव्यापीरूपमै अर्थतन्त्रलाई शिथिल बनाउँदै गएको छ । त्यसको प्रभाव नेपाली अर्थतन्त्रमा झनै गहिरो गरी पर्ने संकेत देखिँदै छन् । अहिल्यै बजारमा गतिविधि कम हुन थालिसकेको छ । उपभोक्ता वस्तु खरिद गर्न नसक्ने अवस्थामा पुगेका छन् । विगतमा बजारमा जुन तहको चहलपहल देखिन्थ्यो, त्यो कम हुनुको कारण सम्भावित मन्दीबाट आफूलाई जोगाउन आमउपभोक्ताले अहिल्यैदेखि खर्च कम गर्न थालेका हुन् । एक, धेरै मानिसको आर्थिक उपार्जनको बाटो ठीक छैन । दुई, बजार झन् महँगो हुँदै जाँदा उपभोक्ता झन् तर्सिन थालेका छन् । हाम्रो मुलुकमा आमउपभोक्तालाई जोगाउने खासै उपाय अवलम्बन गरेको देखिँदैन। महँगी नियन्त्रणमा मात्र सरकारको ध्यान पुग्ने हो भने पनि त्यसले उपभोक्तालाई जोगाउन सक्छ। आजको भोलि बेहिसाबसँग मूल्य वृद्धि हुँदा पनि त्यसको अनुगमन गर्ने सरकारी संयन्त्र कमजोर छ। बितेका केही महिनामा मात्र खाद्यान्न र अन्य उपभोग्य सामग्रीको मूल्य बेपत्तासँग बढेको छ। त्यसको सूक्ष्म अध्ययन गरी बजारमा महँगी बढ्न नदिने उपाय अपनाएको देखिँदैन। छिमेकी भारतको बजारमा खाद्यान्नको मूल्य हामीकहाँ जस्तो अचाक्ली बढ्दैन। बढाउनै पर्दा पनि त्यो पारदर्शी किसिमको हुन्छ। हाम्रो मुलुकमा बजारलाई छाडा छाडेका कारण आमउपभोक्ता जहिल्यै मारमा पर्छन्। एकपटक बढिसकेको मूल्य कहिल्यै घट्दैन। यसले पनि हामीकहाँ मूल्य मात्र बढाउने प्रवृत्ति रहेको देखिन्छ। कोभिड-१९ कै बेला पनि कैयन् मुलुकले आफ्ना नागरिकलाई जोगाउन आर्थिक सहयोग गरे। हाम्रो मुलुकमा त्यस्तो हुन सकेन। संविधानले मुलुकलाई समाजवाद उन्मुख भने पनि आमनागरिकलाई सुविधा दिन सक्ने गरी सरकारले कुनै निर्णय गर्न सकेन। त्यसकारण प्रत्येक नागरिकले आफैं जतिसुकै अप्ठ्यारो पनि सामना गर्नुपर्ने हुन्छ। यसकारण पनि आमनागरिकमा राज्यबाट कुनै सहुलियत र सेवा प्राप्त हुन्छ भन्ने विश्वास छैन । अप्ठ्यारो अवस्थामा नागरिकलाई जोगाउन राज्यले भूमिका खेलेको खण्डमा मात्र आर्थिक कठिनाइबाट जोगिन सहज हुन्छ। मुलुकमा संक्रमणको डर नभए पनि अहिले आर्थिकरूपमा नागरिकलाई जोगाउने पक्ष भने अहिले पनि उत्तिकै महत्त्वको छ । अहिलेको अवस्थामा औद्योगिक उत्पादनमा कमी, उच्च मूल्य वृद्धि, क्रय शक्तिमा कमी, निजी क्षेत्रमा निराशा र आर्थिक क्रियाकलापमा सुस्तताको स्थिति छ। यसलाई चिर्नका निम्ति सुविचारित आर्थिक क्रियाकलाप आवश्यक हुन्छ। एकातिर देशमा औद्योगिक क्षेत्रको विकासमा काम हुन सकेको छैन। अर्कोतिर दिनानुदिन युवा जनशक्ति विदेश जानुपर्ने अवस्था छ। देशमै रोजगारी बढाउन सक्ने हो भने त्यसले परिवारलाई एक ठाउँमा राख्ने मात्र होइन, आर्थिक गतिविधि बढाउनसमेत सजिलो हुन्छ। उद्योगधन्दाको त के कुरा, देशभित्रै कृषि उत्पादनसमेत नहुने अवस्था छ। भएको उत्पादनलाई पनि बजारमा सहज ढंगले पुऱ्याउन सकिएको छैन। त्यही भएर आक्रोशित किसानले कृषि उपज सडकमा फालेरसमेत विद्रोह गर्ने अवस्था आएको छ। सबै भन्दा पहिले कोभिड-१९ देखि बढ्दै आएको मूल्यको समीक्षा हुनु आवश्यक छ। बजारमा महँगो मूल्यमा बिक्री भइरहेका वस्तु तथा सेवाको अनुसन्धान हुनुपर्छ। मूल्य वृद्धि यथार्थ हो वा कृत्रिम त्यसमा जानकार हुने र संबोधन गर्ने काम भएको छैन। जथाभावी मूल्य बढाइएको छ भने त्यसमा कारबाही हुनुपर्छ । बजारलाई लापरबाहीपूर्ण ढंगले छाड्दा त्यसले मुलुकलाई थप कठिन अवस्थामा पुर्याउँछ। त्यसैगरी निराशामा रहेको निजी क्षेत्रलाई सक्रिय बनाउनु पनि अहिलेको आवश्यक काम हो । बैंकबाट ऋण लिएर व्यवसाय गर्न नसक्ने अवस्था छ। त्यसैगरी विद्युत्देखि अन्य उत्पादनका साधनको मूल्य सुलभ बनाइएको छैन। त्यसले गर्दा वस्तु वा सेवा अझ महँगो हुन्छ । अर्थतन्त्र मन्दीतर्फ जानुमा सरकारको पुँजीगत खर्चमा कमीलाई पनि एउटा कारणका रूपमा लिइएको छ। विकास निर्माणका कामले गति लिने हो भने त्यसले बजारमा नगद प्रवाह गर्न सहज हुन्छ । तर सार्वजनिक निर्माणका कामको सुस्त अवस्था वर्षौंको रोग हो। सरकारले यसलाई गति दिन विशेष मेहनत गर्नुपर्छ। काम हुन नसक्ने अवस्थाको यथार्थ विश्लेषण गर्नुपर्छ । कानुनी अप्ठ्याराका कारण काम नभएको हो भने त्यो हटाउनतिर लाग्नुपर्छ। मुलुकमा नयाँ निर्वाचन भई सरकार गठनदेखि राष्ट्रपति निर्वाचनसम्म आइपुग्दा झण्डै छ महिनादेखि सम्पूर्ण गतिविधि राजनीतिकेन्द्रित छन् । ती गतिविधिले आर्थिक पक्षलाई ओझेलमा पारेको छ। निर्वाचनपछि आएको नयाँ सरकारको ध्यान विकास निर्माणमा जान्छ भन्ने अपेक्षा विपरीतको काम भइरहेको छ । राष्ट्रिय तथ्यांक कार्यालयले आइतबार सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० को पछिल्लो त्रैमासिक आर्थिक वृद्धि ०.८ प्रतिशतमा सीमित भएको छ। यही अवधिमा गत वर्ष ३ प्रतिशत थियो । यही गतिमा अगाडि बढ्ने हो भने सरकारले राखेको ८ प्रतिशतको आर्थिक वृद्धि लक्ष्य हासिल हुन सक्ने छैन । राष्ट्रिय योजना आयोगका अनुसार संशोधित अनुमानअनुसार आर्थिक वृद्धि दर ४.५ प्रतिशत मात्र हुनेछ । यसबाट हाम्रो गति झन् कमजोर हुँदै गएको देखिन्छ। आजको विश्वमा तीव्र आर्थिक गतिविधि नभएका मुलुकलाई अगाडि बढ्न कठिन हुन्छ । सरकारले बेलैमा आर्थिक गतिविधि बढाउन आफूलाई लगाउनु आवश्यक छ । आर्थिक मन्दीबाट जोगिन बेलैमा प्रयास गरिएन भने त्यसले मुलुकलाई विग्रहतर्फ उन्मुख गराउँछ। आर्थिक अवस्था कमजोर हुँदै गएका नागरिक आफैँमा विद्रोहका कारक बन्न पुग्छन्। यसतर्फ ध्यान जाओस् ।

# एमालेविरुद्धको गठबन्धन स्ववियु चुनावमा पनि बन्ला ? ८ दल निकट विद्यार्थी संगठन छलफलमा



**टक नेपाल, काठमाडौं ।**

चुनावअघिको गठबन्धन ब्युँतिएपछि त्यसको बाछिटा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा पनि पर्ने भएको छ । पुस १० गते बनेको एमाले नेतृत्वको सत्ता गठबन्धन भत्किएर चुनावअघिकै कांग्रेस नेतृत्वको गठबन्धन ब्युँतिएको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपति एमालेलाई दिन नसक्ने भन्दै पूर्वसहमति तोडेर कित्ता फेरेका थिए । अहिले सत्ता गठबन्धनमा माओवादीसहित नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, जसपा, जनमत, नागरिक उन्मुक्ति, लोसपा र राष्ट्रिय जनमोर्चा छन् । प्रचण्डले एमाले नेतृत्वको गठबन्धन छाडेपछि त्यसको असर स्वाभाविक रुपमा पनि स्ववियु निर्वाचनमा देखिनु स्वाभाविक भएको विद्यार्थी नेताहरुको तर्क छ । चैत ५ गते हुने निर्वाचनका लागि अहिले विद्यार्थी संगठनहरु सक्रिय भएर आफ्नो पक्षमा माहोल बनाउन लागिपरेका छन् । अहिलेसम्म माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीले डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीको विद्यार्थी संगठन नेपाल समाजवादी विद्यार्थी युनियनसँग तालमेलको औपचारिक सहमति गरिसकेको छ । सोमबार अखिल क्रान्तिकारीकी अध्यक्ष पञ्चा सिंह र समाजवादी विद्यार्थी युनियनका अध्यक्ष नेत्र चापागाईंले सहमतिपत्रमा हस्ताक्षर गरेका थिए । स्ववियु निर्वाचनमा पनि बैशाखमा भएको स्थानीय र मंसिरमा भएको प्रतिनिधिसभा निर्वाचनमा झैं गठबन्धनको झल्को देखिने स्थिति बन्दै गएको छ। प्रत्येक दुई-दुई वर्षमा हुनुपर्ने स्ववियु निर्वाचन २०७३ चैत १५ गतेपछि हुन लागेको हो । त्यसअघि २०६५ साल चैत ६ गते भएको थियो। लामो समयपछि स्ववियु निर्वाचन हुन लागेकाले विद्यार्थीहरु उत्साही छन् । नेपाली कांग्रेस निकट नेविसंघका सभापति दुजाङ शेर्पा आफूहरुले निर्वाचनको लागि आवश्यक तयारी गरिसकेको बताउँछन् । सत्ता समीकरण फेरिएको असर स्ववियु निर्वाचनमा पनि देखिने उनले बताए । उनी भन्छन्, 'हामी निर्वाचनको लागि तयारी अवस्थामा पुगिसकेका छौं । हामी सत्ता समीकरणअनुसार तल्लो तहमा सहकार्य र मित्रवत प्रतिस्पर्धाको लागि आह्वान गर्छौं ।' उनले आवश्यक पर्ने ठाउँमा सहकार्य र नपर्ने ठाउँमा मित्रवत प्रतिस्पर्धा गर्ने बताए । 'ठाउँ हेरर तालमेल पनि गर्छौं । अहिलेसम्म अनौपचारिक सहमति भएको छैन । भोलिसम्म औपचारिक सहमति हुन्छ होला', अध्यक्ष शेर्पाले भने। माओवादी केन्द्रको भ्रातृ संगठन अखिल क्रान्तिकारीका महासचिव दीपेश पुन भने अहिलेसम्म आफूहरु एक्लाएक्लै लड्ने पक्षमा रहेको बताउँछन् । उनी भन्छन्, 'हामीले तालमेल गर्न वार्ताका लागि क्षितिज सापकोटा नेतृत्वमा कमिटी गठन गरेका छौं । तर, अहिलेसम्म हामी एक्लै लड्नुपर्छ भन्ने पक्षमा छौं।' विद्यार्थीको चुनाव भएकाले गठबन्धन नबुझ्ने र नस्वीकार्ने उनको बुझाइ छ । 'हामीले अनौपचारिक रुपमा नेविसंघ र अनेरास्ववियुसँग तालमेलको विषयमा छलफल गरेका थियौं । तर, अहिलेसम्म तालमेलको विषयमा औपचारिक छलफल भएको छैन', महासचिव पुनले भने । उनले तल्लो तहमा तालमेल गर्नुपरे केन्द्रको अनुमति लिनुपर्नेसमेत बताए । 'अहिले हामी संगठन निर्माणको क्रममा छौं । निर्वाचनको लागि संगठन दर्तापछि तालमेल र सहकार्यको विषयमा आवश्यक छलफल गर्छौं', महासचिव पुनले थपे । यस्तै नेकपा एकीकृत समाजवादीका निकट अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुली पनि सत्ता गठबन्धन दल निकट विद्यार्थी संगठनहरुसँग आवश्यक सहकार्य हुने बताउँछन् । उनले भने, 'हामीले अहिले स्ववियु निर्वाचनको तयारीस्वरुप क्याम्पस, प्रदेशका भेला गरिसकेका छौं । विद्यार्थी आन्दोलन मूलतः प्रतिपक्षी आन्दोलन हो । दबाब, जागरण र प्रतिपक्ष आन्दोलनका लागि विचार मिल्ने सबैसँग सहकार्य गरेर जाने नीति बनाएका छौं ।' गणतन्त्रको पक्षमा उभिने, संसद विघटनविरुद्ध सडकमा आन्दोलन गर्नेहरुसँग पनि सहकार्य गर्ने उनको भनाइ छ । 'हामी मिलेको ठाउँमा सहकार्य गर्छौं । सत्ता गठबन्धन दलहरुबीच सहमति नभएको ठाउँमा मित्रवत प्रतिस्पर्धा गर्छौं', अध्यक्ष पराजुलीले भने । यता, सात दलीय गठबन्धन टुटेपछि एक्लिएको एमालेको भ्रातृ संगठन अनेरास्ववियुका अध्यक्ष समिक बडाल अहिले सत्ता गठबन्धनबाट आफूहरुविरुद्ध हुने मोर्चाबन्दीबारे जानकार रहेको बताउँछन् । उनी भन्छन्, 'अहिलेको सत्ता समीकरण भत्किनुअघि पनि अन्य संगठनले अनेरास्ववियुविरुद्ध कार्यगत एकता गरिराख्नुभएकै थियो । त्यसबारे हामी जानकार नै भएर मध्यनजर गरेर आवश्यक तयारी गरिरहेका छौं । अनेरास्ववियुले अन्य विद्यार्थी संगठनसँग सहकार्य गर्छ कि गर्दैन भन्ने जिज्ञासामा उनले भने, 'हामीले अहिले तल्लो तहबाट कलेजहरुको वस्तुस्थितिबारे जानकारी लिइरहेका छौं । उपत्यकाका क्याम्पसहरुमा स्थायी कमिटीका साथीहरुलाई खटाएर वस्तुस्थिति बुझ्ने प्रयत्न गरिरहेका छौं ।' उनले सबै तहबाट अध्ययन गरिसकेपछि संगठनको बैठक बसेर आवश्यक कलेजमा विचार मिल्नेहरुसँग सहकार्यको बाटो खुला राखेको बताए । 'विचार मिल्नेहरुसँग कार्यगत मोर्चा गर्ने विषयलाई हामीले खुला नै राखेका छौं । एकल प्रतिस्पर्धा सहज भएको ठाउँमा एकल नै जान्छौं', अध्यक्ष बडालले भने । तर, सत्ता गठबन्धनमा रहेको जनमत पार्टी निकट विद्यार्थी जनमत संघले स्ववियु चुनाव एक्लै लड्ने निर्णय गरेको निर्वाचन परिचालन समितिका सभापति बीपी साहले बताए । मंगलबार काठमाडौंमा बसेको संगठनको केन्द्रीय समिति बैठकले पहिलो पटक स्ववियु निर्वाचनमा सहभागी भइरहेकाले देशभरका कलेजहरुमा एक्लै चुनाव लड्ने निर्णय गरेको उनले जानकारी दिए ।



# डिजेल चोरी : एक जना पुर्पक्ष, दुई जना रिहा

**टक नेपाल, जनकपुरधाम।**
ट्यांकरमा लोड रहेको डिजेल चोरीमा संलग्न भएको आरोपमा पक्राउ परेका एक जनालाई अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ। अन्य दुई जना धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। जिल्ला अदालत सप्तरीले सोमबार तेल चोरी प्रकरणका एक जना आरोपीलाई पुर्पक्षका लागि थुनामा पठाएको हो भने चोरीको डिजेल किन्ने व्यक्ति र ट्यांकर चालकलाई धरौटीमा रिहा गरेको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक नरेशकुमार सिंहले जानकारी दिए । जिल्ला अदालत सप्तरीले कञ्चनरुप नगरपालिका-९ बस्ने २९ वर्षीय नवराज भुजेललाई पुर्पक्षका लागि थुनामा पठाएको हो। भुजेलले ट्यांकरबाट डिजेल चोरी गरेर बेचेको आरोप छ। यस्तै, चोरीको डिजेल किनेको आरोप लागेका खडक नगरपालिका-७ का भण्डार आयल स्टोरका सञ्चालक ३५ वर्षीय श्यामकुमार साहलाई ५ लाख धरौटी र ट्यांकर चालक कञ्चनरुप-९ का ४५ वर्षीय विनोदकुमार भुजेल लाई एक लाख धरौटीमा रिहा गरिएको प्रवक्ता सिंहले जानकारी दिए। गत माघ ११ गते नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्ज डिपोबाट को १ ख ३६५५ नम्बरको ट्याङ्करमा २० हजार लिटर डिजेल लोड गरी नेपाल आयल निगम १ नम्बर प्रदेश प्रादेशिक कार्यालय विराटनगर पठाएकोमा बाटोबाटै ट्यांकर चोरी भएको थियो। ट्यांकर चालक भुजेलले तेल लोड ट्यांकर सोही दिन साँझको करिब ७ बजे कञ्चनरुप-८ स्थित बिकी पम्पमा ट्यांकर पार्किङ गरेर आफ्नो घर गएका थिए। सो ट्यांकर माघ १५ गते बिहान करिब ९ बजे शम्भुनाथ नगरपालिका-२ खैरबनामा बेबारिसे अवस्थामा फेला परेको थियो । प्रहरी नायब उपरीक्षक सिंहका अनुसार बेवारिसे अवस्थामा ट्यांकर फेला परेको जानकारी पाउनासाथ उक्त स्थानमा प्रहरी पुगेर ट्यांकर चेकजाँच गर्दा ट्यांकरमा रहेको ५ वटा च्याम्बरमा ४ हजार लिटरका दरले २० हजार लिटर डिजेल रहेकोमा ४ वटा च्याम्बर खाली थियो भने एउटा च्याम्बरमा डिजेल बाँकी थियो। नेपाल आयल निगमले सिलबन्दी गरेको उक्त ट्यांकरको सिल तोडिएकाले शंकास्पद व्यक्ति तथा पम्पहरुलाई प्रहरी र नेपाल आयल निगम १ नं. प्रदेश प्रादेशिक कार्यालय विराटनगरका कर्मचारीको संयुक्त टोलीले छानबिन तथा चेक जाँच गर्दा नवराज भुजेलसमेतले रातको समयमा डिजेल लोड भएको ट्यांकर चोरी गरेर १६ हजार लिटर डिजेल बिक्री गरेको खुलेको थियो ।

# गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल मधेश प्रदेशको नेतृत्वमा यादव

**रवीन्द्र उप्रेती, बर्दिबास।**
स्थानीय तहका जनप्रतिनिधिको छाता सङ्गठन गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल मधेश प्रदेशको दोस्रो अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले जवाहरलाल यादवको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ । १५ सदस्सीय कार्यसमितिको उपाध्यक्षमा पटेर्वा सुगौली गाउँपालिका पर्साकी ममता महतो चयन हुन भएको छ । कार्यसमितिको सचिवमा बरियारपट्टी सिराहाका सन्तोषकुमार महतो, सहसचिवमा बसवरिया सर्लाहीकी सरिताकुमारी साह तथा कोषाध्यक्षमा विन्दवासिनी पर्साकी ज्योति चौरसिया हुनुहुन्छ । गाउँपालिका राष्ट्रिय महासङ्घ प्रदेश




समन्वय समितिका अधिकृत मनोज कुमार साहका अनुसार मधेस प्रदेशका ८ जिल्लामा रहेका गाउपालिकामा प्रतिनिधित्व गर्ने दल तथा पद सङ्ख्याको आधारमा सिट बाँडफाँट गरी नयाँ कार्यसमिति चयन गरिएको हो । स्थानीय तहको पछिल्लो निर्वाचनमा मधेसका ५९ गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षका ११८ पदमा नेपाली काँग्रेसले ४३, जसपाले ३३, एमालेले १८, लोसपाले १२, माओवादीले ६ तथा जनमत पार्टीले २ स्थान जितेको थियो।


## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी (मधेश प्रदेश) नेपाल

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

**प्रकाशित मिति : २०७९/११ /१७**

यस कार्यालयद्वारा तपशिलका मालसामान खरिद कार्यका लागि मिति २०७९/०९/२४ गतेको टक नेपाल राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र यस मनरा शिसवा नगरपालिका,नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दर्ता भएका सम्पूर्ण शिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिलको दरभाउपत्रदाताहरुको दरभाउपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।


**तपशिलः–**


| क्र.स. | ठेक्का नं. | आपूर्ति कार्यको विवरण | छनौट भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1 | (Manara/Mun/Health/SQ/1/2079/80) | स्वास्थ्य चौकीहरुको लागि नि:सुल्क औषधि वितरण लागि औषधि खरिद | केपिटल मेडिसर्ग सप्लायर्स जनकपुरधाम ६,धनुषा | १९,८2,130.६0 |

प्रमुख प्रशासकीय अधिकृत


# धार्मिक प्रजातिका रूखहरू लोप हुँदै

**टक नेपाल, रौतहट।**
धार्मिक रूपमा पूजा गरिने प्रजातिका रूखहरू लोप हुँदै गएको छ। पीपल, बर, पाकडलगायतका रुख दाउरामा प्रयोग हुन थालेपछि गाउँघर बाट हराउन थालेका छन् । गाउँघरमा सार्वजनिक तथा निजी जग्गामा रहेका पाकड, पीपल, बर लगायतका रुख खरिद गरी इँटा उत्पादन तथा अन्य प्रयोजनमा प्रयोग गर्न थालेपछि धार्मिक आस्थाको प्रतीक मानेर पूजापाठ, हवनदेखि औषधि निर्माणमा प्रयोग हुने लगायतका धार्मिक अनुष्ठानमा प्रयोग हुने यी रूखहरू लोप हुँदै गएको छ। पीपलको रुखमा प्रत्येक शनिवारको दिन जल चढाउनाले शनिग्रहबाट ग्रसित मानवको दुःख, कष्ट समाप्त हुनुको साथै सुखमय जिन्दगी तथा धन आयु प्राप्त हुने पुरोहित मङ्गल मिश्र बताउनुहुन्छ। उहाँले पूजा पाठमा पीपल, बरगज, पाकडलगायतका पञ्चपल्लवमा प्रयोग हुने गरेको बताउँदै





पुरोहित मिश्रले अहिले कतिपय ठाउँमा यी जातका लकडीहरूको अभावमा मात्र एक दुई वटा रुखको हाँगा प्रयोग गरी पूजापाठ गर्ने गरेको बताउनुभयो। धार्मिक अनुष्ठानमा प्रयोग हुनुको साथै यी जातका रुखहरूका हाँगा, बोक्रा, रसबाट विभिन्न किसिमका आयुर्वेदिक औषधि निर्माण हुने गरेको तथा ती औषधि प्रयोग गर्नाले विभिन्न रोग निको हुने गरेको वैद्य पवन झा बताउनुहुन्छ। पूजापाठदेखि औषधि निर्माणमा प्रयोग हुने यी जातका रूखहरू दाउरामा प्रयोग हुनु अति नै दुःखदायी रहेको स्थानीय गोविन्द चौधरीले बताउनुभयो। गाउँघरमा पाइने यी जातका रूखहरू अत्यधिक मात्रामा कटान हुनाले वातावरणमा असर पर्ने गरेको साथै आदिकालदेखि धार्मिक, संस्कृति एवं आस्था र विश्वासको प्रतीक मानिने रूखहरू दिनानुदिन विनाश हुँदा दुःख व्यक्त गर्दै स्थानीय बुद्धिजीवी श्रवणकुमार झाले धरोहरका रूपमा चिन्दै आएका यी रुखहरूलाई जोगाउने तर्फ सबैले लाग्नुपर्ने बताउनुभयो ।


"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौ ।"

LIVER FUNCTION TEST
- Bilubine Total / Direct
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- STOOL R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETES PACKAGE
- URINE R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose /F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
बर्दिबास–१४, औरहीरोड सम्पर्क: ०४४–५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स: ९८१२०८५६०४


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, प्रवन्धक : बिनोद ढुंगेल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com